नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
# नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति
काठमाडौं, नेपाल

मितिः २०८३/०५/२१

## सूचना

वि.सं २०८४ सालको लागि समितिको स्वीकृति लिई पञ्चाङ्ग प्रकाशन गर्न चाहने संस्था वा व्यक्तिले गत वर्षअनुसार **सौरोक्तपद्धतिबाट पञ्चाङ्गखण्ड र केतकीय ग्रहगणितबाट अन्य ग्रहहरू** गणना गरी राखिने सबै विषयवस्तु समावेश गरिएको पञ्चाङ्ग **२०८३ असोज २०** गतेसम्ममा नारायणहिटी दरबार परिसरभित्र रहेको समितिको कार्यालयमा बुझाउन पञ्चाङ्गकारहरूमा अनुरोध गरिन्छ ।

नयाँ पञ्चाङ्गकारहरूको हकमा समितिले अङ्गीकार गरेको सिद्धान्तबाट आफैँले गणना गरेको कम्तीमा तीन वर्षको पञ्चाङ्गगणनाको गणित र २०८४ सालको पञ्चाङ्गगणनाको सबै आधार तथा खेस्रा गणितसमेत पेश गर्नुपर्नेछ । म्याद नाघी पेश भएका वा अङ्ग नपुगेका र समितिले अङ्गीका/ नगरेका सिद्धान्तबाट गणना गरिएका पञ्चाङ्गहरूलाई स्वीकृति प्रदान गरिने छैन। भित्तेपात्रो (क्यालेण्डर) प्रकाशन गर्न चाहने व्यक्ति वा संस्थाहरूले पनि समितिको स्वीकृति लिएर मात्र प्रकाशन गर्नुहुन अनुरोध गरिन्छ । समितिले निर्णय गरेका चाडपर्व, जात्रालगायतका विवरणहरू फरक पर्न गई भ्रम पर्न जाने अवस्था देखिएमा प्रकाशित पञ्चाङ्ग तथा क्यालेण्डरलाई नियम बमोजिम आवश्यक कारबाहीसमेत हुने व्यहोरा सम्बद्ध सबैलाई जानकारी गराइन्छ ।

.......................................
सहप्रा.डा.पुरुषोत्तम भट्टराई
(अध्यक्ष)

फोनः ०१-४५११९०९३
info@npns.gov.np / npns2025@gmail.com npns.gov.np